bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

♦ लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन।
♦ परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ ।
♦ परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ४१ अंक २१२ | २०७९ पुस ०४ गते सोमबार, नेपाल सम्वत् ११४३ December 19, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# अदुवाले उचित मूल्य नपाएको तनहुँका कृषकको गुनासो

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको भिमाद नगरपालिका, घिरिङ र ऋषिङ गाउँपालिका क्षेत्रमा अदुवा खेती राम्रो हुने गर्छ। यस क्षेत्रमा अदुवा उत्पादन राम्रो हुने हुँदा निर्वाहमुखी रूपमा अदुवा खेती गर्ने यस क्षेत्रका कृषकहरूले व्यवसायीक रूपमा अदुवा खेती गर्दै आएका छन् ।

कृषकका बारीमा अहिले अदुवाको उत्पादन भएर बिक्रीका लागि तयारी अवस्थामा छ । तर अदुवाले भने सोचेजस्तो बजार नपाएको कृषकहरूको गुनासो छ ।

बजार लग्न तयारी अवस्थामा रहेको अदुवाले उचित मुल्य नपाउदा कम मूल्यमा भएपनि बिक्री गर्न बाध्य भएको भिमाद नगरपालिका-४ रजजिडाँडाका कृषक तुलबहादुर रानाले बताए ।

उनले भने, 'अहिले अदुवाको खासै मुल्य नहुँदा हामीले उत्पादन गरेको अदुवाले सोचेजस्तो बजार पाउन सकेको छैन । बजार लग्न अदुवा तयार भइसके । बारीमै अदुवा कुहाउनु भन्दा कम मुल्यमा बिक्री गर्दा बिउको खर्च जुट्छ कि भनेर बिक्री कम मुल्यमै बिक्री गर्न बाँध्य छौं ।'

गत वर्ष अदुवाको माग नभएपछि बिक्री गरिएको थिएन । यस वर्ष पनि माग नआएको कृषक रानाले बताए । 'विगत दुई वर्षदेखि धार्नीको दुई सय रुपैयाँदेखि दुई सय ५० रुपैयाँ सम्मना बिक्री गर्दै आएका थियौं', कृषक रानाले भने, 'यसपटक बढ्नुपर्ने बेलामा झन् घटेर बेच्न बाँध्य छौं । यस वर्ष धार्नीको एक सय रुपैयाँमै बेच्नुपर्ने अवस्था आएको हुँदा अदुवा खेतीको लगानी समेत नउठ्ने हो कि भन्ने चिन्ता भएको छ ।'



बीउबिजन महँगो मूल्यमा किन्नुपर्ने र बिक्री कम मूल्यमा गर्दा कृषक मर्कामा पर्ने गरेका छन् ।

तनहुँमा उत्पादित अदुवाको खपत भारतीय बजारमा हुने र भारतबाट माग नआएपछि अदुवा बिक्रीमा समस्या भएको स्थानीय कृषकहरू बताउँछन् । अदुवा बारीमै कुहिने, सुक्ने भएपछि कृषकले निकाल्न थालेका छन् ।

बार्षिक सात सय धार्नी अदुवा उत्पादन गर्दै आएका कृषक रानाले यो वर्ष अदुवा कुहिएकाले छिटो निकालिएको बताए । यस क्षेत्र अदुवा पकेट क्षेत्र हो । उक्त क्षेत्रका प्रत्येक किसानले एक सयदेखि नौ सय धार्नीसम्म अदुवा उत्पादन गर्ने गरेका उनले बताए। रजिडाँडाका मात्रै २५ घरधुरीले अदुवा उत्पादन गर्दै आएका छन्। यहाँका कृषकले समूह बनाएर अदुवा खेती गर्दै आएका छन् । गत वर्ष उत्पादन गरिएको बीउ शुक्लागण्डकी नगरपालिकाका लागि अदुवाको बीउ निर्यात गरिएको उनले बताए । बिक्री नभएका अदुवाको सुठो बनाएर बिक्रीका लागि बजारमा पठाइने कृषक रानाले बताए । कृषकहरूले माघ र फागुनसम्म अदुवा निकाल्न मिल्ने र चैतमा बीउ रोप्ने गर्दछन् ।

भिमाद साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष नारायण खनालले अदुवा प्रशोधन बिक्रीका लागि बजार खोजी गर्ने गरेको बताए । 'गत वर्ष करिब २८ मेट्रिक टन बुटवलको प्रशोधन केन्द्रमा प्रशोधन गरी बिक्रीका लागि तयार रहेको थियो', अध्यक्ष खनालले भने, 'गत वर्ष प्रतिकेजी ४० रुपैयाँमा खरिद गरी प्रशोधन केन्द्रमा लगिएको थियो । यस वर्ष प्रतिकेजी २८ रुपैयाँमा खरिद गर्ने तयारी भइरहेको छ ।' 'नेपालमा आफैँले उत्पादन गर्ने प्रचलन छ । निर्वाहमुखी खेतीले पुग्छ र किसानले उत्पादन गरेका अदुवा भारतीय बजारमा नै बिक्री हुने हो', उनले भने, 'कम अदुवा बिक्रीका लागि लैजाने हुँदैन । धेरै उत्पादन छैन यसले गर्दा बजारको समस्या भएको हो। केही भने यहीको बजारमा खपत

बाँकी तेस्रो पेजमा

# राष्ट्रपतिबाट प्रधानमन्त्रीका लागि दाबी पेश गर्न आह्वान

रासस/काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाका सदस्यलाई



प्रधानमन्त्री नियुक्त गर्नका लागि आह्वान गर्नुभएको छ ।

राष्ट्रपतिको कार्यालयबाट आइतबार जारी विज्ञप्तिमा प्रधानमन्त्री नियुक्तका लागि यही पुस १० गते आइतबार अपराह्न ५ बजेभित्र दावी पेश गर्न राष्ट्रपतिबाट आह्वान भएको उल्लेख छ ।

निर्वाचन आयोगबाट प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ को निर्वाचन परिणामसहितको प्रतिवेदन प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ६२ बमोजिम गत मंसिर २९ गते राष्ट्रपतिसमक्ष पेश भएको थियो ।

राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्तिका लागि नेपालको संविधानको धारा ७६ को उपधारा १ बमोजिम कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको नदेखिएकाले नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्न आह्वान गर्नुभएको हो ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७

# संसद् बैठकमा हराउने सांसदलाई प्रविधिले बाँध्दै

नारायणप्रसाद न्यौपाने/काठमाडौं

जनप्रतिनिधि अर्थात् सांसदहरु सदन र संसदीय समितिभन्दा बाहिर रमाउन थालेपछि त्यस्तो प्रवृत्ति रोक्न संसद् सचिवालयले विद्युतीय हाजिरी यन्त्र जडान गर्ने तयारी सुरू गरेको छ ।

संसद् र समितिका बैठकमा कुर्सी खाली राखेर सांसदहरु हाजिर गर्नासाथ बाहिर जानेक्रम बढेपछि सचिवालयले विकल्पका रूपमा विद्युतीय हाजिरी व्यवस्थापन गर्न लागेको हो। संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले कोरोना सङ्क्रमण हटेको औपचारिक घोषणा भइनसकेको तर सांसदको उपस्थितिको अभिलेख राख्नुपर्ने पक्षलाई दृष्टिगत गरी हातको औँला वा मुखाकृति वा हस्ताक्षरबाट हाजिरी जनाउनका लागि गृहकार्य भइरहेको जानकारी दिनुभयो ।

जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने देशको सर्वोच्च जनप्रतिनिधिसभा संसद्का सदस्यको मुख्य जिम्मेवारी संसद् र संसदीय समितिका बैठक, भेला र छलफलमा सहभागी भई मुलुक र जनहितमा विधि निर्माण गर्नु हो। सांसदलाई अनुशासित र कर्तव्यपरायण तुल्याउने औजारका रूपमा विद्युतीय हाजिरी प्रणालीले सहयोग पुऱ्याउने छ ।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफ्नो सदनको कार्य व्यवस्था परामर्श समितिको सुझाव प्रतिवेदनका आधारमा यसअघि नै विद्युतीय हाजिरीको व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिइसक्नुभएको छ । अध्यक्षको निर्देशनानुसार प्राविधिक पक्ष र सफ्टवेयर विकास गर्नेबारे सचिवालयले अध्ययन सुरु गरिसकेको छ ।

नेपालको संसदीय अभ्यासमा पहिलो अर्थात् विसं २०१६ को संसद्मा जस्तो हार्दिकतापूर्ण, गम्भीर छलफल र बहस त्यसपछिका सदनमा हुन नसकेको टिप्पणी गरिँदैआएको छ । पछिल्ला अधिवेशन बैठकमा जनप्रतिनिधि सदनमा आउने तर उपस्थिति जनाएर अन्यत्र हिँड्नेलगायत प्रवृत्तिले प्रश्रय पाउन थालेपछि सचिवालयले विद्युतीय हाजिरी व्यवस्थापनको पहल गर्न लागेको हो ।

सदन र संसदीय समिति बैठकमा जनप्रतिनिधिको आवश्यक न्यूनतम संख्या नपुगेर बैठक स्थगन भएको खबर मतदाताले निरन्तर सुन्दै-पढ्दै आएका छन् । जनप्रतिनिधिले विधेयक र प्रस्तावमाथि गहन एवम् मसिनोसँग छलफल र बहस नगरी बनेका कानुन र लिएका निर्णय गुणस्तरीय हुन नसक्ने विज्ञको तर्क छ ।




सांसदको मुख्य जिम्मेवारी भनेको सदनमा उपस्थित भई विधि निर्माणमा भाग लिनुपर्नेमा बैठक नै छाडेर कहाँ जान्छन् भन्ने प्रश्न सधैँजसो उठ्ने गरेको छ । बैठकमा प्रवेशपूर्व कागजी हाजिरी जनाएर सांसदहरु आफ्नो मूल जिम्मेवारीभन्दा बाहेकका अरु नै काममा लाग्ने, अन्य कक्षमा गई गफ गर्ने, चिया-कफी पिएर घन्टौँ समय बिताउने, घाम ताप्ने, सामाजिक कार्यहरूमा संलग्न हुने प्रवृत्ति रहिआएको छ ।

सदनका बैठक 'कोरम' नपुगेर स्थगन हुने तर विधायक भने गैरसरकारी संस्थाका कार्यक्रममा खचाखच हुने कार्य लोकतान्त्रिक शासन व्यवस्थामा शोभनीय नभएको विज्ञ बताउँछन् । पछिल्ला बैठकमा कानुन निर्माताको आवश्यक उपस्थिति नपुग्ने, विधेयक र प्रस्तावमाथिको छलफल प्रभावकारी नहुने जस्ता समस्या निरन्तररूपमा रहिआएको छ । सांसदको उपस्थितिको विवरण वेबसाइटमार्फत् सार्वजनिकसमेत हुँदै आएको छ ।

राष्ट्रियसभाका पूर्वसदस्य रामनारायण बिडारी सांसदले नीति-विधि बनाउने कि गैरसरकारी संस्थाका कार्यक्रमा भाषण गर्न वा कुलो खन्न जाने भन्ने विषय छुट्याउन नसक्दा बैठक कक्षका कुर्सी रित्ता देखिने बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "यो पुरानो रोग हो, चेतना र कर्तव्यनिष्ठताको विषय हो, कुन बैठकमा कोरम नपुगेको र त्यसमा कुन सांसद उपस्थित भएनन्, कुन विधेयकमाथि छलफल हुँदै थियो भन्ने कुरा पनि सार्वजनिक गरिनुपर्छ । आफ्नो कर्तव्य नबुझ्दा यो अवस्था आएको हो ।" सचिवालयले हालसम्म सांसदलाई बैठक सकिएको एक घन्टासम्म हाजिर गर्ने सुविधा प्रदान गर्दैआएको छ । विद्युतीय हाजिरको व्यवस्थापन हुन सकेमा जनप्रतिनिधिले सदन र संसदीय समितिलाई कति समय प्रदान गर्छन् भन्ने स्पष्ट भई बैठक सकिएपछि भत्ताका लागि आएर हाजिर गर्ने चलन अन्त्य हुनेछ । संसद्का काम कारबाहीलाई सशक्त र प्रभावकारी तुल्याउन यस्ता नयाँ औजार महत्त्वपूर्ण सावित हुने अपेक्षा गरिएको छ । सदनमा होस् वा समितिका बैठकमा, प्रमुख दलका शीर्ष नेताकै उपस्थिति न्यून हुने प्रवृत्तिले खल्लो तुल्याएको छ ।

उहाँहरु अनुपस्थित हुँदा समयमै लिनुपर्ने निर्णय हुन नसकी विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउन तगारो लाग्ने गरेको छ । शीर्ष नेताको उपस्थिति भएमा साना मसिना विषयमा हुनसक्ने अल्झन तत्काल अन्त्य गर्न योगदान पुग्नेछ।

संसदीय समितिबाट उपलब्ध तथ्यांकानुसार दलका शीर्ष नेतामध्ये

बाँकी अन्तिम पेजमा

# सम्पादकीय .........

www.bhanjyangnews.com

## पर्यटन प्रवर्द्धन

तनहुँ ग्रामीण पर्यटनको हब हो । पर्यटकीय गतिविधि मार्फत जिल्लालाई समृद्धि बनाउने लक्ष्यका साथ स्थानीय पालिकाहरूले सोही अनुसार पूर्वाधारहरू पनि तयार गर्दै गएका छन् । तर, कोभिड–१९ संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएका बन्दाबन्दी जस्ता गतिविधिले पर्यटकीय क्षेत्र थल परेको छ । कोरोना कहरको चपेटामा परेको तनहुँको पर्यटन क्षेत्र विस्तारै लयमा फर्कन थालेका पनि छन् । पर्यटकीय स्थलहरूमा आन्तरिक पर्यटकहरूको चहलपहल बिस्तारै बढ्दै पनि जान थालेको छ । कोरोना संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएको बन्दाबन्दी, निषेधाज्ञाले पर्यटन क्षेत्र पनि नराम्रोसंग थल पर्‍यो । अहिले कोरोना संक्रमण दर केही घट्दै गएको र खोपको दायार पनि बढ्दै गएपछि होटल तथा पर्यटन क्षेत्र खुल्दै गएका छन्। पर्यटकीय नगरी बन्दिपुर पनि कोरोनाको चपेटामा नराम्रोसंग पर्‍यो । कोरोना संक्रमण फैलिएसंगै बन्द भएका यहाँको पर्यटकीय गतिविधि विस्तारै लयमा फर्कन थालेका छन् । पाहुनाको स्वागतमा आतुर रहने बन्दिपुर करिब तीन वर्ष पूर्णरूपमै बन्द हुन पुग्यो । गत असार महिना यता निषेधाज्ञा खुकुलो भएपनि बन्दिपुरमा पर्यटक नपुग्दा निराश बनेका पर्यटन व्यवसायीहरू दसैं पर्वसंगै आन्तरिक पर्यटकको आगमनले उत्साहित बन्ने पनि त्यो उत्साहलाई पुनः कोरोना नयाँ भेरियन्ट सहितको संक्रमणले निराश बनायो । अहिले सबैको पहुँचामा कोरोना विरूद्धको खोप पुगेको र संक्रमण दर पनि घट्दै गएका कारण अब पर्यटकीय गतिविधि बढाउनुपर्ने व्यवसायीले आग्रह गर्दै आएका छन्। पहिलो चरणमा कोरोनाको जोखिम बढेपछि २०७६ चैत्रदेखि बन्दिपुरको पर्यटन सुस्ताएको थियो । गत वर्षको दसैंपछि बन्दिपुरको पर्यटन चलायमान हुँदैगर्दा दोस्रो लहरको कोरोना फैलिएर गत बैशाखदेखि फेरि बन्द हुन पुगेको थियो । पुनः तेश्रो लहरको कोरोनाले पर्यटन क्षेत्र थल पर्‍यो । बन्दिपुरमा पर्यटन लक्षित व्यवसायका लागि करोडौं रूपैयाँ लगानि भएको छ । होटल तथा भौतिक पूर्वाधारमा ठूलो लगानि गरेपनि कोरोना कहरको चपेटामा पर्दा बैंकको ऋण तिर्न नसकेको व्यवसायीहरूको गुनासो छ ।

सरकार तथा सरोकारवाला निकायले कर तथा बैंक ऋण चुक्ता गर्ने समयअवधि थप जस्ता सहुलियत दिए राहत पुग्ने व्यवसायीको माग छ । कोरोनाको प्रभावले बन्दिपुरको पर्यटन थला पर्दा व्यवसायीलाई बैंकको ऋण र घरभाडा तिर्न धौधौ भएको बताएका थिए । बैंकको ऋण र घर भाडा तिर्न नसक्दा कतिपय होटल व्यवसायी पलायन पनि भए । पर्यटन क्षेत्रलाई सुरक्षित र सहज बनाउने योजनामा बन्दिपुर गाउँपालिकाले पनि आवश्यक छलपल गरी योजना बनाउँदै अगाडि बढेको बताउने गरेको छ । व्यवसायीहरूले कर छुटको माग गरेपनि आन्तरिक आम्दानी न्यून रहेका कारण त्यो सेवा दिन सकेको छैन । बन्दिपुरमा साना ठुला गरी करिब ७० बढी होटल रेस्टुरेन्ट सञ्चालनमा छन्। आसपासका गाउँहरूमा आधादर्जन बढी होमस्टे सञ्चालनमा छन् । ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा रहेको तनहुँका पर्यटकीय स्थलहरूमा अहिले आन्तरिक पर्यटकहरूको चहलपहल बढ्दै गएको छ । गाउँगाउँमा सञ्चालित होमस्टेहरूमा पनि यतिबेला आन्तरिक पर्यटकहरू पुग्न थालेका छन्। तनहुँ प्राकृतिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक, साहित्यिक लगायत विविध आयमले भरिपूर्ण छ । यहाँ उच्च पहाडी क्षेत्रबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि लगायतका हिमशृंखला तथा पहाडका मनमोहक तरेली अवलोकन गर्न पाइन्छ । परम्परागत संस्कार संस्कृति, स्थानीय उत्पादनका खानाका परिकार पर्यटकलाई लोभ्याउने गर्दछ । कोरोनाको संक्रमण दर कम हुँदै गएको र अवस्था सामान्य बन्दै गएकाले अबका दिन स्वास्थ्य सुरक्षालाई ख्याल गर्दै पर्यटकीय गतिविधि बढाउन तर्फ सबै लागि परौ ।




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# सुशासनसहितको सुव्यवस्थाको पर्खाइ

♦ नारायणप्रसाद घिमिरे

सदा झैँ यस वर्ष पनि नेपालमा भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय दिवस भव्यरूपमा मनाइयो । सरकारी तथा गैरसरकारी निकायले छुट्टाछट्टै कार्यक्रम गरी यो दिवस विशेष महत्वका साथ मनाए ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने सरकारी निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रधानमन्त्रीको उपस्थितिमा कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले भन्नुभयो, 'सरकारी कामलाई चुस्त र प्रभावकारी बनाउँदै विकास निर्माणका कार्यलाई निर्धारित लागत र समयमै सम्पन्न गरी आमनागरिकलाई सुशासनको अनुभूति दिलाउनु आजको सर्वोपरि आवश्यकता हो । यस अवसरमा भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका सबै संयन्त्र र तहमा कडाइका साथ कार्यान्वयन गर्न सबैलाई आग्रह गर्दछु ।'

उहाँले समाजको कलङ्कका रूपमा रहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न, त्यस्ता गतिविधिबाट टाढै रहन र भ्रष्टाचारजन्य कार्यविरूद्ध आवाज मुखरित गरी सदाचार कायम गर्न आजको दिनले प्रेरणा र प्रोत्साहन प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । भ्रष्टाचार नियन्त्रणको अन्तर्राष्ट्रिय दायित्वप्रति नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको पनि उहाँले बताउनुभयो ।

भ्रष्टाचारको कुरा गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अख्तियार इ–बुलेटिन (कात्तिक, २०७९) अनुसार, जारी आर्थिक वर्षको पहिलो त्रैमासिक (साउन–असोज) अवधिमा भ्रष्टाचारसम्बन्धी पाँच हजार सात सय १० वटा उजुरी परेका छन् र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका सात हजार एक सय ६१ गरी १२ हजार आठ सय ७२ उजुरी रहेका छन् । यस अवधिमा चार हजार तीन सय ३६ उजुरी फछ्र्यौट भई आठ हजार पाँच सय ३६ उजुरी फछ्र्यौट हुन बाँकी रहेका छन् ।

प्रधानमन्त्रीको भनाइ र आयोगका आँकडाबाट स्पष्ट हुन्छ समाजको कलङ्क भ्रष्टाचार व्याप्त छ । यसको नियन्त्रणमा हाम्रा प्रयास अझै अपुग छन्, प्रभावकारी भएका छैनन् । अर्थात् भ्रष्टाचारका कारण विकास निर्माणका कार्यमा ढिलाइ छ, विकासको गति धिमा छ । जनता सुशासनसहितको सुव्यवस्थाको अनुभूतिको व्यग्र प्रतीक्षामा छन् ।

कुनै समय तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई 'ठूला माछा' पनि समात्नु भनी दिएको निर्देशनले लामो समयसम्म सरकार, कर्मचारीतन्त्र र मिडियामा तरङ्ग पैदा गरेको थियो । अर्थात् आयोगलाई तल्लो तहका कर्मचारीलाई मात्र दुःख दिने भन्दा पनि भ्रष्टाचार नियन्त्रणका लागि माथिल्लो तहका कर्मचारीको संलग्नता र जालो तोड्नका लागि निर्देशन थियो । केही सयमयता 'ठूला माछा'सम्बन्धी समाचार आएका छैनन् भ्रष्टाचार नियन्त्रण भएर हो वा सम्बन्धित निकायको निस्क्रियताका कारण हो विस्तारै थाहा होला ।

शासनको बागडोर सरकारमा हुने, जहाँ स्थायी सरकार कर्मचारीतन्त्र र बेलाबेलामा विभिन्न राजनीतिक दलहरूको संसद् र सरकार बन्ने हुँदा देशमा सुशासन निर्माणका लागि यिनीहरूको प्रमुख भूमिका खोजिन्छ । समाज तथा सम्पूर्ण जनताले उनीहरूबाट पारदर्शीता, मितव्ययीता, उत्तरदायित्व खोजेका हुन्छन्, जो भ्रष्टाचार नियन्त्रणका उपाय हुन्। त्यसैले यी संयन्त्रले जनतासँग कत्तिको पारदर्शीरूपमा व्यवहार गर्छन् भन्ने कुराले विशेष महत्व राख्छ । कर्मचारीले सार्वजनिक सेवा प्रवाहमा पारदर्शीताका लागि केकस्ता उपाय अबलम्बन गर्छन् त ?

इन्टरनेट र डिजिटल प्रविधिको प्रयोगले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने भए पनि कतिपय सरकारी कार्यालयमा पुरानै ढर्राको व्यवहार व्याप्त छ। केही समयदेखि 'डिजिटल नेपाल'को चर्चा भए पनि अझै पनि विभिन्न सरकारी कार्यालय अगाडि सेवाग्राहीको लामो लाइन कायमै छ।

**इन्टरनेट र डिजिटल प्रविधिको प्रयोगले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने भए पनि कतिपय सरकारी कार्यालयमा पुरानै ढर्राको व्यवहार व्याप्त छ । केही समयदेखि 'डिजिटल नेपाल'को चर्चा भए पनि अझै पनि विभिन्न सरकारी कार्यालय अगाडि सेवाग्राहीको लामो लाइन कायमै छ ।**

कतिपय विश्लेषकका अनुसार नेपाली कर्मचारीतन्त्र इन्टरनेट र डिजिटल प्रविधिको कार्यान्वयनमा भन्दा ढिलाइमा जोड दिन्छ, कागजी प्रक्रियालाई महत्व दिन्छ, जसले गर्दा सेवाग्राहीसँग अनेक सौदाबाजीको मौका मिल्छ ।

यसरी हेर्दा सार्वजनिक निकायमा पारदर्शीता नहुनुको कारण नयाँ प्रविधिप्रति कर्मचारीतन्त्रको अरूचीलाई पनि लिन सकिन्छ। त्यस्तै ढिलासुस्तीबाट हैरानी खेप्नुभन्दा अनेक उपाय गरी छिटै सेवा लिने सेवाग्राहीको चेष्टा हुन्छ, जुन कुराले पनि भ्रष्टाचार बढ्नमा भूमिका छ ।

भ्रष्टाचार बढ्ने कारण थुप्रै छन् जुन सामाजिक, आर्थिक र राजनीतिक पक्षसँग जोडिन्छन् । उदाहरणको लागि, नेपाली कर्मचारीको तलबमान र बढ्दो बजार भाउअनुकूल नभएको भनी स्वयं कर्मचारी र उनीहरूका संघ संगठनले पनि समयसमयमा भन्दै आएका छन् ।

हरेक वर्ष बजेट निर्माणको समयमा तलबमानको वृद्धि प्रतिशत सहितको सल्लाह पनि सरकारलाई दिन्छन्, तर राष्ट्रिय ढुकुटीको प्रसङ्ग निकाल्दै सरकारले आफ्नो अडान कायम राख्छ । उता परिवार सञ्चालनको न्यूनतम खर्चको आँकडा वर्षैपिच्छे कैयौँ गुणाले उकालो लाग्दा कर्मचारी तलबी भएर बस्न सक्दैनन् । कमिसन, घुसको खेलोमा कोही जानेरै लाग्छन् त कोही परिबन्धमा नराम्ररी फस्छन्, फसाइन्छन् ।

नेपाल यतिखेर बहुसंक्रमणमा गुज्रिरहेको छ । शासकीय/प्रशासनिक, राजनीतिक, कानूनी र संवैधानिकरूपमा देश नयाँ दिशातर्फ अग्रसर छ । पुराना नियम, मान्यता र व्यवहार निर्मूल भएका छैनन् र नयाँ व्यवस्था पनि दह्रो गरी स्थापित भइसकेको छैन । यसले गर्दा अन्योल हट्न बाँकी छ । एक किसिमको तरल समय छ । शासकीय अनियमिता र भ्रष्टाचार यस्तै तरलता र अन्योलतामा बढी फस्टाउँछन् । सरकार, संसद्, कर्मचारीतन्त्र र मिडियालगायतका निगरानी निकायले यो कुराको हेक्का राख्नु पर्दछ ।

देशमा तीन तहका सरकारसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ । विसं २०७२ मा ल्याइएको संविधानले यो नयाँ व्यवस्थाको जग बलियो बनाउन गतिलो कानूनी र संस्थागत आधारशीला प्रदान गरेको छ । तर नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा रहेको स्थानीय तहमा भ्रष्टाचार मौलाएका खबर तथा प्रतिवेदन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र मिडियाले बेलाबेलामा प्रकाशन गरिरहेकै छन् । आखिर किन नियन्त्रण हुन सकेन भ्रष्टाचार ? स्पष्ट छ, जहाँ पैसाको लेनदेन हुन्छ, त्यहाँ भ्रष्टाचार पुग्छ । सङ्घीय व्यवस्थासँगै स्थानीय सरकारले पनि ठूलो मात्रामा बजेट परिचालन गर्छ । स्थानीय सरकारमा भ्रष्टाचार बढेको प्रसङ्गलाई लिएर युवा समाजशास्त्री दिपेश घिमिरेले अध्ययन नै गरे, अनि मुलुकको संघीयकरणमा भ्रष्टाचारको विकेन्द्रकरण भयो भनी निष्कर्षसहित पुस्तक लेखे ।

कतिपयको तर्क छ भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्नुपर्छ । तर स्पष्ट यो पनि छ कि जबसम्म व्यक्तिको भौतिक प्रगतिलाई सामाजिक प्रतिष्ठाको विषय बनाइरहिन्छ, भ्रष्टाचारीहरू सामाजिक बहिष्करणमा पर्दैनन् । त्यसैले होला, सामाजिक बहिष्करणको प्रयास कहीँकतै व्यवहारमा देखिएको, सुनिएको छैन ।

नयाँ संविधान निर्माणपश्चात् नेपालले दोस्रोपटक आम चुनाव सम्पन्न गरिसकेको छ । निर्वाचनको अन्तिम परिणामसहितको प्रतिवेदन पनि निर्वाचन आयोगले राष्ट्रपति र प्रधानमन्त्रीलाई बुझाइसकेको छ । यससँगै नयाँ सरकार कुनकुन दल मिलेर बनाउने भनी घनिभूत छलफल चलिरहेका छन् । जुनसुकै दलहरू मिलेर नयाँ सरकार निर्माण भए पनि सुशासन कायम गर्नु प्रथम जिम्मेवारी हो ।

यतिखेर राजनीतिक दलले बिर्सनै नहुने भनेको उनीहरूले निर्वाचनका बेला जनतामाझ जाँदा गरेका विकास र सुशासनका बाचा अर्थात् घोषणापत्रमा उल्लेखित विषयहरू ।

घोषणापत्रको कुरा गर्दा, नेपाली कांग्रेसले समावेशी लोकतन्त्रको पाँच आधारमध्ये 'प्रगति'लाई एउटा आधार बनाएको छ । असल शासनको निर्माणबिना प्रगति कसरी सम्भव होला र यसले कसरी समावेशी लोकतन्त्रको जग निर्माण होला ? घोषणापत्रमा अव्यवस्थालाई सुव्यवस्थामा बदल्ने प्रतिवद्धतासहित कांग्रेस लेख्छ, 'जनसरोकार एवं सेवा प्रवाहसम्बन्धी तीनै तहका सरकारका कार्यालयमा हुँदै आएका विकृति–विसङ्गति, भ्रष्टाचार, ढिलासुस्ती र झण्झटिलो अवस्थाको अन्त्य गरी प्रभावकारी, कार्यमूलक र सेवामुखी बनाउँदै आधुनिक प्रविधिको प्रयोग गरी सरल, सहज र छिटोछरितो सेवा उपलब्ध गराउने छौँ ।'

त्यसैगरी नेकपा एमालेले सुशासन पार्टीको उच्च प्राथमिकता भन्दै, 'अख्तियारको दुरूपयोग, राष्ट्रिय तथा सरकारी स्रोत साधनको दोहन र भ्रष्टाचारप्रति निर्मम, कठोर र शून्य सहनशीलताको नीति अपनाइने छ । अनुगमन, अनुसन्धान र छानबिन कार्यलाई सशक्त बनाइने छ । भ्रष्टाचार, अनियमितता, सरकारी सम्पत्तिको दुरूपयोग र अपचलन गर्ने जुनसुकै व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याइनेछ ।'

देशका दुई ठूला राजनीतिक दलका यी प्रतिबद्धताले पनि स्पष्ट पार्छ भ्रष्टाचार, अनियमिता, विसङ्गति, ढिलासुस्ती, सरकारी सम्पत्तिको दुरूपयोग हाम्रा व्यवस्थाका धम्बा हुन् । दलका प्रतिवद्धता सह्रानीय छन्, तर यिनीहरूको व्यावहारिक कार्यान्वयन गर्न

बाँकी अन्तिम पेजमा

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
शुभचिन्तकहरु समेत टाढा हुनेछन्। यात्राको प्रक्रियामा बढी खर्च गर्नुपर्ने हुन सक्छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली–व्यवहारमा सजग रहनुपर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
व्यवसायमा लगानी बढाउनुपर्ला। बलजफ्तीको व्यवहारले व्यर्थैमा समस्या निम्त्याउन सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरु मात्र फेला पर्नेछन् ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
फाइदा हेर्दा नाम बिग्रन सक्छ। आज अरूलाई दिने नभई भिर्त्याउने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्नेछ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
आत्मविश्वासको कमीले पछि परिनेछ । भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
अरूको भरपर्दा काम बिग्रन सक्छ। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। पढाइलेखाइमा समय दिन नसकिएला ।




**विद्यार्थीले तयार पारेको विज्ञान सामग्री :** रामतुलसी मावि रामपुर पाल्पामा कक्षा ११ र १२ मा विज्ञान संकायमा अध्ययनरत विद्यार्थीले तयार पारेका विज्ञान सामग्री । *तस्बिर : सुशीला रेग्मी/रासस*

# म्याग्दी र मुस्ताङमा फापरखेती फस्टाउँदै

**रासस/गलेश्वर**

म्याग्दी र मुस्ताङमा मानव स्वास्थ्यका लागि गुणकारी मानिने फापरको खेती फस्टाउँदै गएको छ । सिँचाइ आवश्यक नपर्ने सुक्खा खेत बारीमा समेत राम्रोसँग फल्ने फापरखेतीप्रति यहाँका किसान आकर्षित भएका छन् । विगत वर्षको तुलनामा यसपाली फापर फस्टाएपछि मुस्ताङ र म्याग्दीका फापर खेती गर्ने किसानको आम्दानी बढ्ने देखिएको छ ।

फापर छर्ने समय भदौ, असोज र कात्तिक तथा फापरको फूल फुल्ने समय कात्तिकदेखि मंसिरमा अनुकूल मौसम भएका कारण फापर उत्पादन बढेको किसानले बताएका छन् । म्याग्दीको लेकाली क्षेत्र र मुस्ताङका अधिकांश बारी र सिँचाइ नहुने तथा सुक्खा टारी खेतमा लगाइएको मिठे, तितेलगायत स्थानीय जातका फापर बालीमा दाना राम्रैसँग लागेपछि किसान खुसी भएका छन् ।

अन्य अन्नबालीको तुलनामा फापरका लागि धेरै मेहनत गर्न नपर्ने र गोडमेलको झन्झटसमेत नहुने भएकाले धान र गहुँको तुलनामा फापरखेती गर्नका लागि किसानले सजिलो मान्दै आएका मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो ।

ग्रामीण भेगमा किसानले फापरको रोटी र ढिँडोजस्ता परिकार खाने गरेका छन् । पछिल्लो समयमा सहर बजार क्षेत्रमा समेत ठूला होटलमा फापरको ढिँडो र रोटी बढी प्रचलनमा छ । "फापरको माग बजारमा बढ्दै गएको छ", मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ का शैलेन्द्र शेरचनले भन्नुभयो । फापरको पिठो मानव स्वास्थ्यका लागि उपयोगी हुनेमात्र होइन फापरको छवाली घाँस घर पालुवा गाई भैँसीका लागि पौष्टिक मानिने र फापरको भुस पनि खेर नजाने भएकाले खेतीमा किसानले जोड दिएको उहाँको भनाइ छ ।

फापरको पिठो गहुँ, मकै, कोदो र चामलको पिठोमा मिसाएर रोटी–ढिँडो लगायतका परिकार बनाएर खाने गरिन्छ । फापरको पिठो प्रतिकिलो रू दुई सयदेखि रू तीन सयसम्ममा बिक्री हुँदै आएको छ । फापरको पिठो विभिन्न खालका औषधिमा समेत प्रयोग गरिन थालेको छ । बेनी नगरपालिकासहित छवटै स्थानीय तहमा फापरखेती हुने गरेको कृषि ज्ञानकेन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताउनुभयो ।

# अदुवाले उचित......

हुन्छ ।'

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले कृषकले उत्पादन गरेको वस्तुको बजार सिर्जना गर्ने कार्यमा स्थानीय सरकारले भूमिका खेल्नुपर्ने बताउँछन् । तीन तहको सरकारले बजारको व्यवस्थापन गर्न भूमिका खेलेमा कृषि प्रधान देशको भनाइलाई सार्थक बनाउन सकिने उनको भनाई छ ।

उनले भने, 'विश्वमा पूर्णरुपमा आयातित वस्तु उपभोग गर्ने देश छन् । ती देशसँग समन्वय, सहकार्य गरी व्यापारिक सम्बन्ध कायम गरी देशको आर्थिक समृद्धिलाई प्रमुख बनाउने भूमिकामा देशका मुख्य–मुख्य राजनीतिक दल र तीन तहको सरकारले समन्वय गर्न सके छिटो समृद्ध नेपाल बनाउन सहयोग पुग्नेछ ।'

कृषि क्षेत्रलाई नेपालको प्रमुख पेशा मानिए पनि बजारको अभावले कृषि पेशाबाट कृषक विमुख भएको पाइन्छ । यस पेशामा युवालाई टिकाउने र स्वदेशमा नै उत्पादन वृद्धि गरी आयातभन्दा निर्यातलाई प्रोत्साहन गर्न सरकारले नै कदम चाल्नुपर्ने अवस्था रहेको छ ।

**अदुवा उत्पादन वृद्धि**

अदुवाको बजार मूल्य र बजार पाउन समस्या भए पनि तनहुँमा अदुवा उत्पादन वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष अदुवा उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ ।

उत्पादनको क्षेत्रफल घट्दो छ । अदुवाको बजार पाउन समस्या भएको छ । तर उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख तिवारीले बताए । उनका अनुसार तनहुँमा आर्थिक वर्ष २०७७/७८ मा पाँच सय १२ हेक्टर क्षेत्रफलमा सात हजार पाँच सय ४० मेट्रिक टन अदुवा उत्पादन भएको थियो ।

आर्थिक वर्ष २०७८/०७९ मा पाँच सय १७ हेक्टर क्षेत्रफलमा सात हजार छ सय २२ मेट्रिक टन अदुवा उत्पादन भएको तिवारीले बताए । कृषिमा लगानी वृद्धि गरी इलेक्टिक प्रशोधन गरी बिक्रीका लागि अन्तर्राष्ट्रिय बजारको व्यवस्थापन गर्न सके कृषकको आकर्षण बढ्ने उनले बताए ।

प्रतिकेजी ६० रूपैयाँका दरले बिक्री गर्दा तनहुँबाट ४५ करोडको अदुवा बिक्री वितरण हुने गरेको छ । किसानले प्रति धार्नी एक सय रूपैयाँमा बेच्नुपर्ने परिस्थितिले भने कम हुने उनले बताए ।

# इयू राष्ट्रबीच प्रमुख कार्बन बजार सुधारका लागि सम्झौता

**रासस/एएफपी/ब्रसेल्स**

ईयूका सदस्य राष्टले कार्बन उत्सर्जन कम गर्न र जलवायु–अनुकूल प्रविधिहरुमा लगानी गर्न आइतबार एक सम्झौताको घोषणा गरेका छन् ।

यस सम्झौताको उद्देश्य उत्सर्जन कटौतीलाई तीव्रता दिनु, उद्योगहरुलाई निः शुल्क सेवाहरु चरणबद्ध गर्नु र भवन र सडक यातायात क्षेत्रहरुबाट ईन्धन उत्सर्जनलाई लक्षित गर्नु भएको युरोपेली संसदद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । ईयू उत्सर्जन व्यापार प्रणाली (ईटीएस) ले बिद्युतीय उत्पादक, स्टील र सिमेन्टजस्ता उच्च ऊर्जा खपत गर्ने उद्योगहरुलाई 'प्रदूषक भुक्तानी' सिद्धान्त अन्तर्गत उनीहरुको कार्बन उत्सर्जन समस्या सम्बोधन गर्न 'निःशुल्क सेवा' का लागि अनुमति दिनेछ ।

कार्बन तटस्थता प्राप्त गर्ने युरोपेली युनियनको अन्तिम उद्देश्यको भागको रुपमा कम उत्सर्जन गर्न र हरित प्रविधिहरुमा लगानी गर्न प्रोत्साहित गर्न कोटाहरु कम गर्ने व्यवस्था गरिएको छ ।

युरोपेली युनियनको कार्बन बजारको दायरा फराकिलो बनाउने सम्झौतामा पुग्नुअघि सदस्य राष्ट्र र संसदको प्रतिनिधित्व गर्ने वार्ताकारहरुले २४ घण्टाभन्दा बढी गहन वार्ता गरेको बताइएको छ ।

यस सम्झौताको अर्थ सन् २००५ को स्तरको आधारमा सन् २०३० सम्ममा ईटीएस क्षेत्रमा उत्सर्जनमा ६२ प्रतिशतले कटौती गरिनेछ । सम्बन्धित उद्योगहरुले आफ्नो उत्सर्जनलाई त्यो रकमले घटाउनुपर्छ ।

यस सम्झौताले सन् २०३० सम्ममा ४८.५ प्रतिशत कार्बन उत्सर्जनलाई चरणबद्ध रुपमा हटाउने र सन् २०३४ सम्ममा पूर्ण रुपमा हटाउने गरी निःशुल्क सेवाहरु चरणबद्ध रुपमा हटाउने समय तालिकालाई गति दिन पनि खोजेको छ । कार्बन बजारलाई क्रमशः समुद्री क्षेत्र, अन्तर–युरोपेली उडानहरु र फोहोर नष्ट गर्नेहरुमा विस्तार गरिनेछ ।

सम्झौतामा 'कार्बन सीमा कर, जसले उनीहरुको उत्पादनसँग जोडिएको कार्बन उत्सर्जनको आधारमा सदस्य राष्ट्रमाा आयातमा वातावरणीय मानकहरु लागू गर्दछ र उद्योगहरुलाई अधिक प्रदूषणकारी गैर–ईयू प्रतिद्वन्द्वीहरुसँग प्रतिस्पर्धा गर्न अनुमति दिन्छ । यस सम्झौताले सन् २०२७ देखि इन्धन र ग्याँस तातोपनसँग सम्बन्धित उत्सर्जनका लागि घरपरिवारलाई भुक्तानी गर्ने लक्ष्य राखेको छ, तर मूल्य २०३० सम्म सीमित गरिनेछ।

आयोगले भवन ताप र सडक ईन्धनलाई लक्षित गरी दोस्रो कार्बन बजारको प्रस्ताव गरेको थियो । युरोपेली परिवारहरुले युक्रेनमा रुसको आक्रमणको कारण बढ्दो ऊर्जा मूल्यहरुसँग जुधिरहेका समय आएको यो योजना कार्यावयनमा भने कठिनाई हुनसक्ने देखिएको छ ।

यस दोस्रो बजारबाट प्राप्त रकम 'सामाजिक जलवायु कोष' मा जाने र कमजोर घर तथा परिवार र व्यवसायहरुलाई ऊर्जा मूल्य सङ्कटको सामना गर्न मद्दत गर्ने योजना सम्झौतामा अघि सारिएको छ ।

www.bhanjyangnews.com





## दिप इन्टरप्राइजेज्

आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) ।
सम्पर्क : ०६५-५४०५७६/५४०४८२


## भानु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फुस्रेटार, तनहुँ । गण्डकी प्रदेश

## दरभाउ पत्र स्वीकृत गर्ने आसयको सूचना

सूचना प्रकाशित मिति : २०७९/०९/०४

यस भानु नगरपालिकाबाट चालु आ. व. मा तपशिलमा उल्लेखित कार्यको लागि मिति २०७९/०८/११ गते भन्ज्याङ राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली https://www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम रितपूर्वक प्राप्त हुन आएका दरभाउ पत्रहरूको मूल्यांकन गर्दा तपशिलमा उल्लेखित दरभाउ पत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि.नं. | दरभाउ पत्र नं. | योजनाको नाम | छनौट भएको दरभाउ पत्रदाताको नाम र ठेगाना | कबोल रकम ने. रु. (मु. अ. कर समेत) |
|---|---|---|---|---|
| 1 | BHMUN/SQ/GOODS/ 2079/80/01 | Procurement of Motorcycles | Batas Brothers Pvt. Ltd., Nayabazaar, Kaski | 17,93,400.00 |

प्रमुख प्रशासकीय अधिकृत

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०७९/०९/०३*

ऋषिङ गाउँपालिकाको च.नं. ६८३ मिति २०७९/०९/०१ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीमा एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

**विज्ञापन नं. :** ०३/०७९/०८०

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार/रिक्त दरबन्दी)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आइ.एड. वा सोसरह उत्तीर्ण
४) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
९) **दरखास्त दिने अन्तिम मिति** : २०७९/०९/१७ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०७९/०९/१७ गते ४ बजे ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

## श्री शान्ति माध्यमिक विद्यालय

ऋषिङ-३, दुबुङ्, तनहुँ । सम्पर्क : ९८४६५३८४७९, ९८४६३७३१९७


**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स–रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ् र सुचरिङ् सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ् पोलिक्लिनिक प्रा.लि.

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**राजमार्ग बिस्तार तीव्र :** पृथ्वी राजमार्गको मुग्लिङ-पोखरा सडक बिस्तार योजना अन्तरगत जामुने-पोखरा खण्डको शुक्लागण्डकी स्थित गाछेपानीमा सडक टेवा पर्खाल लगाइदै । सडक बिस्तार अभियान अन्तरगत राजमार्गको आँबुखैरेनी-जामुने खण्ड र जामुने-पोखरा खण्डमा सडक चौडा गर्ने कार्यलाई तीव्रता दिइएको छ । *तस्विरः निशा थापा मगर/भञ्ज्याङ*

# पूर्ण स्मृति पुरस्कारबाट भण्डारी, आचार्य र रिमाल सम्मानित हुने

**भञ्ज्याङ समाचारदाता**/दुलेगौडा

तनहुँ मिडिया नेटवर्क प्रालिद्वारा सञ्चालित शुक्लागण्डकी एफ.एम. ९७.६ मेगाहर्जका अध्यक्ष पूर्णकुमार श्रेष्ठको स्मृतिमा स्थापित पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सम्मान तथा पुरस्कारका लागि सम्मानित व्यक्ति छनौट गरिएको छ । पहिलो पटक प्रदान गर्न लागिएको सम्मानमा पत्रकारितातर्फ विश्वबन्धु भण्डारी, साहित्य तर्फबाट शेषमणि आचार्य र सामाजिक क्षेत्रबाट भक्तबहादुर रिमाल छनौट भएका छन् ।







पत्रकारिता र साहित्यतर्फ पुरस्कारको राशी नगद १०/१० हजार, प्रमाण पत्र र पूर्ण स्मृति सामाजिक क्षेत्रतर्फको पुरस्कार नगद ५ हजार र प्रमाणपत्र रहेको छ । तनहुँ जिल्ला भित्र क्रियाशिल रहेका मध्ये एक जना उत्कृष्ट पत्रकारिता क्षेत्रमा लागेका व्यक्ति, तनहुँ जिल्लामा साहित्यिक क्षेत्रमा सक्रिय रहेका व्यक्ति र शुक्लागण्डकी नगर क्षेत्रमा सामाजिक क्षेत्रमा सक्रिय व्यक्तिबाट छनौट गरिएको हो । सम्मानित हुन लागेका पत्रकार भण्डारी ४ दशकदेखि पत्रकारितामा क्रियाशिल छन् । दमौलीबाट प्रकाशित हुने भञ्ज्याङ दैनिकको संस्थापक सम्पादक भण्डारीले सम्पादकीय संग्रह भाग १ र २ प्रकाशन गरेका छन् । स्याङ्जाको हरिनाश-२ खहरेमा जन्मिएका भण्डारी हाल भिमादमा बस्दै आएका छन् ।

यसैगरी साहित्यतर्फ सम्मानित हुन लागेका ७३ वर्षिय आचार्य वि.सं. २०२२ सालदेखि साहित्यका विभिन्न विधामा कलम चलाउन थालेका हुन् । शुक्ला साहित्य संगमका संस्थापक एवम् संरक्षक रहेका उनका आधी दर्जन कविता संग्रह र कृति प्रकाशित छन् । लमजुङको मध्यनेपाल नगरपालिकामा जन्मिएका आचार्य दुलेगौंडामा बस्दै आएका छन् । यस्तै समासेवातर्फ छनौट भएका ७७ वर्षिय रिमालले यस क्षेत्रका विभिन्न सामाजिक संघसंस्थामा क्रियाशिल रहि नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् ।

स्व. श्रेष्ठ सञ्चार व्यवसायसँगै, समाजसेवा र साहित्य क्षेत्रमा समेत सक्रिय रहेकाले ३ विधा छनौट गरिएको हो । रेडियोका पूर्व अध्यक्ष नारायण कुमार श्रेष्ठको संयोजकत्वमा शनिवार बसेको बैठकले पुरस्कृत व्यक्ति छनौट गरेको हो । छनौट समिति सदस्यहरूमा रेडियोका अध्यक्ष ज्योती श्रेष्ठ, सदस्य टिकाराम श्रेष्ठ र सल्लाहकार आनन्द सुन्दर श्रेष्ठ रहेका थिए ।

रेडियोका शेयरधनी सदस्य, शुभेच्छुकबाट स्वतस्फूर्त र केहि रकम उहाँको परिवारबाट जम्मा गरि ३ लाख रुपैयाँको अक्षयकोष स्थापना गरिएको हो । सोही रकमको ब्याजबाट प्राप्त आम्दानीले प्रत्येक वर्ष ३ विधामा क्रियाशिल व्यक्तिहरूलाई पुरस्कार प्रदान गरिने रेडियोले जनाएको छ । रेडियोको सातौं वार्षिक साधारणसभा एवम् पाँचौ अधिवेशनको अवसरमा सोमवार दुलेगौंडामा आयोजना हुने विशेष कार्यक्रममा प्रदेशमा सदस्य श्यामराजा महतले सम्मान गर्ने कार्यक्रम रहेको सचिव ऋषेश्वर भुवाई ऋतुले बताए । रेडियोको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका पूर्णको २०७८ जेठ १२ गते हृदयघातका कारण ४८ वर्षको उमेरमा निधन भएको थियो ।

सोहि अवसरमा रेडियोले प्रत्येक वर्ष उत्कृष्टस्रोता र विज्ञापन दातालाई सम्मान गर्ने कार्यक्रम राखिएको प्रसारण समिति संयोजक टिकाराम श्रेष्ठले बताए । ६ वर्षअघि स्थापित रेडियोमा गीत संगीतको अलवा हाल दैनिक ७ पटक आफ्नै उत्पादनमा समाचार, स्थानीय सरोकारका विषयमा छलफल, महिला, बालबालिका, स्वास्थ्य, शिक्षा, व्यवसाय लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको स्टेसन मेनेजर राजन उपाध्यायले जानकारी दिए । शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडाबाट प्रसारण भइरहेको रेडियो तनहुँ, कास्की, स्याङ्जा, लमजुङ, पाल्पा, गोरखा, नवलपरासी लगायतका जिल्लामा सुन्न सकिन्छ ।

## facebook twitter



**निलम्बर आचार्य**
twitter.com/nilacharya

जीवनका आफ्नै तर्क हुन्छन्, ठ्याक्कै तयारी गरे जस्तो प्रायः हुँदैन स्थिति जीवनले त्यसमा केही न केही संशोधन ल्याइहाल्छ, र आफ्नो प्रमुखता प्रदर्शित गर्छ । कहिलेकाहीँ त एकदम अप्रत्याशित स्थिति आइलाग्छ, त्यही अगाडि बढ्छ जो विचलित हुँदैन र दिशा गुमाउँदैन ।



**मोहन प्रसाद मैनाली**
twitter.com/mohanmainali

कुनै पनि कामको पछाडि कारण जोडिएको हुन्छ । कारणबिना काम हुँदैन । काम र कारणको अनोन्याश्रित सम्बन्ध हुन्छ । सम्बन्धले एकअर्काको महत्व दर्शाउँछ। हामीले गरेको कामले कारणको समाधान गर्छ । कारणको समाधानले कामको मूल्यांकन गर्छ र पुरस्कार वा सजायँ दिलाउँछ ।



**प्रकाश पौडेल**
twitter.com/Syangjali_Pk

तपाईले मान सम्मान गर्दा गर्दै पनि तपाईलाई दुख दिने, दुखी बनाउने काम कसैले गर्छ भने त्यो संसारकै सबै भन्दा घटिया र निच मान्छे हो । तसर्थ त्यस्तो व्यक्तित्व भएको मान्छेबाट टाढै रहनु उचित हुन्छ ।



**सविन के.सी**
twitter.com/kcsabin2014

हामि जीवनमा जे गर्न चाहन्छौं, त्यसको लागि सबैभन्दा पहिले त्यस प्रतिको आफ्नो बिचारलाई प्रेम गरौं, अनि आवश्यक परे त्याग गर्न समेत तयार बनौ तब बन्नेछ हाम्रो दुर दृस्टीको सार्थक यात्रा तय ! प्रयास, लगाब र केही कुराको त्याग नै हुन अक्सर सफल जिवनका लागि महत्व राख्ने तत्वहरू ।

# बढ्न थाल्यो अण्डाको मूल्य

**रासस**/चितवन

लागत मूल्यभन्दा निकै कममा बिक्री भइरहेको अण्डाको मूल्य बढ्न थालेको छ । बजारमा माग बढ्दै गएपछि शनिबारबाट चितवनलाई आधार मानेर बजार मूल्य ३० गोटा (एक क्रेट) को रु तीन सय ६० तय गरिएको हो । नेपाल लेयर्स कुखुरापालक सङ्घको बैठकले बिक्री मूल्य तय गरेको हो ।

यसअघि अण्डाको मूल्य प्रतिक्रेट रु तीन सयमा बिक्री हुँदै आएको थियो । संघका अध्यक्ष विनोद पोखेलका अनुसार अहिलेको लागत मूल्य प्रतिक्रेट रु चार सय ३५ पर्न आउँछ । उहाँले भन्नुभयो, "पाँच वर्षअघि दानाको मूल्य प्रतिकिलो रु ३० हुँदा अण्डा प्रतिक्रेट रु तीन सयमा बिक्री हुन्थ्यो । अहिले दाना प्रतिकिलो रु ६५ पर्दा अण्डाको मूल्य उस्तै छ ।"

औषधिलगायत अन्यमा पनि मूल्य दोब्बर भएको उहाँको भनाइ छ । एक वर्ष छ महिनाअघि अण्डाको मूल्य प्रतिक्रेट रु चार सय पाँच पुगेर एकोहोरो ओरालो लागेको हो । त्यतिबेला खुद्रा मूल्य प्रतिगोटा रु १६ रहेको थियो। नेपालमा अण्डा उत्पादन गर्ने कृषक एवं व्यवसायी सङ्गठित भएर व्यवसाय बचाउन लागिपरेको पोखेल बताउनुहुन्छ ।

हाले मात्र देशभरका धेरै कुखुरापालक व्यवसायी संगठित भएर अघि बढेका हुन् । पोखेलले लागत मूल्यसम्म पाउन सके पनि कृषकहरु बच्न सक्ने बताउनुभयो। हाल नेपालमा दैनिक ४० लाख अण्डा उत्पादन हुँदै आएको छ । अण्डाको महत्व बुझाउन सकेमा अण्डाको माग दोब्बर हुने व्यवसायी बताउँछन् । बिचौलियाको चलखेललाई रोकेर कृषकको हितमा सरकार लाग्नुपर्ने व्यवसायीको भनाइ छ ।

उहाँले भन्नुभयो, "सरकारले ध्यान नदिए आत्मनिर्भर पोल्ट्री व्यवसाय धरासायी हुन्छ ।" निजी क्षेत्रको अण्डा उत्पादनका लागि मात्र पोल्ट्री व्यवसायमा रु एक खर्बभन्दा बढी लगानी रहेको छ । यसको आधाभन्दा बढी बैंकको ऋण भएको व्यवसायी बताउँछन्।

# सुशासनसहितको......

राजनीतिक दल र सरकारको सक्रियता कस्तो हुने हो हेर्न बाँकी छ ।

राज्यकोष र सरकारी निकायको दोहनको कुरा गर्दा सन् २०१२ मा ड्यारोन एसेमोग्लु र जेम्स ए रोबिन्सनले लेखेको विश्व प्रसिद्ध पुस्तक 'ह्वाइ नेशसन् फेलः दि ओरिजिन अफ पावर, प्रोस्पेरिटी एण्ड पोभर्टि' (राष्ट्र किन असफल हुन्छन्ः शक्ति, समृद्धि र गरिबीका कारण) को याद दिलाउँछ ।

उक्त पुस्तकमा विभिन्न देशको तुलनात्मक अध्ययन गर्दै लेखकद्वयले राज्यमा दोहनकारी सार्वजनिक तथा आर्थिक निकाय भए भने राष्ट्र असफल हुन्छन् भनी तर्क गरेका छन् । भ्रष्टाचारले दोहनकारी संस्कार र संयन्त्रको निर्माण गर्ने भएकाले हामीले यी कुरा मनन गर्नै पर्छ ।

राजनीति केवल लिखित/मौखिक प्रतिबद्धताको खेल होइन न कि सपनाको महल । धरातलीय यथार्थबिना न राजनीति चल्छ, न सरकार । यथार्थमा त हामीले भ्रष्टाचार उन्मूलन गर्नु नै छ । भ्रष्टाचार नेपाली शासन प्रणालीको नयाँ समस्या पक्कै होइन । तर, यसलाई जति बेवास्ता गरिन्छ, त्यत्तिकै झाँगिन्छ । भ्रष्टाचार उन्मूलन सुशासनको प्रत्याभूति मात्र नभई संघीयता सवलीकरणको कडी हो ।

यसका लागि राजनीतिक दल, नेता र कर्मचारीको इच्छाशक्ति र व्यवहारमै आमूल परिवर्तन आवश्यक छ । देश सञ्चालन गर्ने भूमिका उनीहरूको हुँदा राजनीति र कर्मचारीतन्त्रले बढी सच्चिनु जरुरी छ । तर भ्रष्टाचार केवल एक्लो प्रयासले निर्मूल हुने हैन, सामूहिक प्रयास कति अवलम्बन गरियो र कति प्रभावकारी भए भन्ने पनि हेर्नुपर्छ।

भ्रष्टाचारका कारण राजनीतिक दल र कर्मचारीहरूमा मात्र होइन, सार्वजनिक निकायमा जनविश्वास खस्किन्छ । जनविश्वासको क्षयीकरणले व्यवस्थाको क्षयीकरणसँग प्रत्यक्ष सम्बन्ध राख्छ । सुशासन निर्माणका लागि राजनीतिक दल, कर्मचारीतन्त्र, नागरिक समाज, मिडिया र सचेत नागरिक सबैले आआफ्नो ठाउँबाट सामूहिक प्रयास राख्नुको विकल्प छैन । *रासस*

# संसद् ............

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, डा बाबुराम भट्टराई र झलनाथ खनालबाहेक अरुको उपस्थिति उत्साहजनक देखिन्न ।

संसदीय समिति कानुन र विधि निर्माणका हिसाबले प्रारम्भिक र महत्त्वपूर्ण थलोका रूपमा रहने गरेको छ । सदन वा संसदीय समितिलाई प्रभावकारी तुल्याउन तत्तत् राजनीतिक दलका संसदीय दल र सचेतककोसमेत महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेकपा (एमाले)का पूर्वप्रमुख सचेतक विशाल भट्टराई भन्नुहुन्छ, "संसद सदन र समितिमा अनुपस्थित हुने अनि बैठक कोरम नपुगेर स्थगन गर्नुपर्ने अवस्था दुखद् हो । यसप्रति धेरैको गुनासो र जनताको आलोचना छ, आगामी दिनमा सच्याएर जानुपर्छ।"

दलबाट प्रतिनिधिसभा एक जनाको मात्र सहभागिता भए पनि विषयवस्तु उठान गर्ने हिसाबले नेपाल मजदुर किसान पार्टीको भूमिकाको सबैले तारिफ गर्दै आएका छन् । सदनका बैठकमा लगातार १० पटक उपस्थित नभएमा पद नै समाप्त हुनसक्ने कानुनी व्यवस्था छ । जनप्रतिनिधिका बैठकमा भाग लिने नै मुख्य जिम्मेवारी हो । संसद्मा हुने बहस, सवाल-जवाफ, छलफल, तर्कवितर्क र पैरवीले लोकतन्त्रलाई सुदृढ तुल्याउँछ भन्ने मान्यता छ ।

राजनीतिको मुख्य केन्द्र र खेल मैदानका रुपमा लिइने नेपालको संसद् दुई सदनात्मक छ । संघीय संसद्को प्रतिनिधिसभामा दुई सय ७५ तथा प्रबुद्ध एवं ज्येष्ठ उमेरका वर्ग सम्मिलित राष्ट्रियसभामा राष्ट्रपतिबाट मनोनीत हुने तीन व्यक्तिसहित ५९ सदस्य छन् । तल्लो सभामा ३३ प्रतिशत महिलासहित छन् । प्रतिनिधिसभाका १०, राष्ट्रियसभाका चार र संयुक्त सदन मातहत दुई विषयगत समिति छन् । विधेयक र प्रस्तावमाथिको गहन छलफल हुने थलो हो । *रासस*

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४